आदरणीय सभाध्यक्ष महोदय,
गाउँसभाका सदस्यज्यूहरू,

आज हामी यस गाउँपालिकाको उन्नाईसौ गाउँसभामा दुर्गाथली गाउँपालिकाको विकास, समृद्धि र सुशासन दीर्घकालीन सोच सहित आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएका छौ । दुर्गाथली गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यो सम्मानित गाउँसभा समक्ष आर्थिक वर्ष २०८३।०८४ को बजेट प्रस्तुत गरिरहँदा गौरवको अनुभूति गरिरहेको छु ।

नेपालका बीर सहिदहरूको बलिदानले नेपाली नागरिकले खोजेको सेवा, चाहेको बिकास र परिकल्पना गरेको समाज निर्माण गर्ने प्रणाली स्थापित भएको छ। यस महत्वपूर्ण अवसरमा देश र जनताको उज्ज्वल भविष्यको लागि मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र बनाउन आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरू प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु । साथै वि.सं. २०८२ भदौ २३ र २४ गतेको GEN–Z आन्दोलनका क्रममा यसै दुर्गाथली १ बाट सहादत प्राप्त गर्नुहुने भीम धामी प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। हामी जनताका आधारभुत तहका समस्या समाधानका लागि जनप्रतिनिधीको रूपमा उपस्थित भएका छौ र सम्बोधन गर्ने प्रयास पनि गरिरहेका छौ । राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै प्रचलित कानुन मार्फत सेवा प्रवाहलाई प्रभावकारी, सुशासनयुक्त र प्रविधीमैत्री बनाउन प्रतिवद्ध छौ। स्थानीय तहका अधिकार क्षेत्र भनी संविधान र कानूनले परिभाषित गरेका जिम्मेवारी पुरा गर्न हामीले केही कानुन र संस्थागत संरचना निर्माण गर्दै अगाडि बढ्ने प्रयास गरेका छौं । बजेट बिनियोजन गर्दा नेपालको संविधानमा उल्लेखित राज्यका मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरू, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दिगो बिकास लक्ष्य, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, गाउँसभाले पारित गरेका नीति तथा कार्यक्रम, कार्यपालिका बैठकका निर्णय, निर्धारित बजेटका प्राथमिकता, बस्तीबस्तीका समस्या, विषयगत समिति, वडा समिति, राजश्व परामर्श समिति, विभिन्न राजनीतिक दल, सरोकारवालाहरू लगायत विभिन्न विकासका साझेदार र विज्ञहरूको सुझावलाई ध्यान दिएर बजेट तथा कार्यक्रम तय गरेको छु ।

गाउँसभा अध्यक्ष ज्यू,

अब म दुर्गाथली गाउँपालिकाको बजेट तथा कार्यक्रमका मुख्य उद्देश्यहरू यस गरिमामय सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु :

- क्रमागत र अधुरा योजनाहरूलाई पहिलो प्राथमिकता प्रदान गर्ने,
- शिक्षा, स्वास्थ्य र सडकलाई प्राथमिकता प्रदान गर्ने,
- प्रविधिमैत्री दुर्गाथली को संस्थागत विकास एवं दिगो संचालन गर्ने,
- रैथाने बालीको संरक्षण गर्ने तथा पशुपन्छी र कृषिजन्य वस्तुको उत्पादकत्व वृद्धि गर्ने,
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई सेवाको अभिवृद्धि गर्ने,
- सक्षम, सुदृढ तथा सुशासनयुक्त सेवा प्रबाहको लागि प्रविधीबाट सेवा प्रवाह गर्ने,
- दिगो बिकासका लक्ष्य, संघ तथा प्रदेश सरकारले तय गरेका लक्ष्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने,
- सार्वजनिक खर्चमा मितव्ययीयता कायम गर्दै अनुत्पादक क्षेत्रमा खर्च कटौती गर्ने र सबै राजश्वका स्रोतहरूको पहिचान तथा परिचालन गरी करका दायरा बढाउने ।

गाउँसभा अध्यक्ष ज्यू,

अब म दुर्गाथली गाउँपालिकाको बजेट तथा कार्यक्रमका मुख्य आधार तथा मार्गदर्शनहरु यस गरिमामय सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु :

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस
- संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम
- दिगो विकासका लक्ष्यहरु
- गाउँपालिकाको नीति तथा कार्यक्रम
- वडा तथा विषयगत समितिबाट प्राप्त सुझावहरु



- ❖ नागरिक स्तरबाट प्राप्त सुझावहरु आर्थिक विकास एवं गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने ।

गाउँसभा अध्यक्ष ज्यू,

अब म दुर्गाथली गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रमका प्राथमिकता यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु :

- ❖ आर्थिक विकास, कृषि तथा खाद्य सुरक्षा
- ❖ दिगो पूर्वाधार विकास
- ❖ आधारभूत स्वास्थ्य
- ❖ सुशासन तथा संस्थागत विकास
- ❖ लैङ्गिक समानता र सामाजिक समावेशीकरण
- ❖ वातावरण संरक्षण तथा विपद व्यवस्थापन

चालु आ.व. २०८२।८३ को वित्तीय प्रगति विवरण

चालु आर्थिक वर्षमा कुल विनियोजित बजेट रु. ३९ करोड ७५ लाख १२ हजार ५ सय २३ रहेको थियो । आजको मिति सम्म वित्तीय प्रगति हेर्ने हो भने चालु तर्फ विनियोजित भएको बजेटको ६८.१७ प्रतिशत खर्च भएको छ भने पूँजीगत तर्फ विनियोजित भएको बजेटको ७५.२८ प्रतिशत खर्च भएको छ । यसरी हेर्दा आजको मिति सम्म कुल खर्च ६९.९१ प्रतिशत रकम खर्च भएको छ ।



आदरणीय सभाध्यक्षज्यू

आ.व.२०८३।०८४ मा दुर्गाथली गाउँपालिकामा तपशिल बमोजिमका स्रोतहरूबाट आम्दानी प्राप्त हुने लक्ष्य राखिएको जानकारी गराउँदछु । जसको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

क्र.सं.	स्रोत	बजेट रकम रु.	अक्षरुपी:
१	नेपाल सरकार समानीकरण अनुदान	८,७५,००,०००	आठ करोड पचहत्तर लाख ।
२	नेपाल सरकार सशर्त अनुदान	१५,४८,००,०००	पन्ध्र करोड अठचालिस लाख ।
३	नेपाल सरकार विशेष अनुदान	१,७०,००,०००	एक करोड सत्तरी लाख ।
४	नेपाल सरकार समपुरक अनुदान	५५,००,०००	पचपन्न लाख ।
५	नेपाल सरकार राजश्व बाँडफाँड	६,९५,३७,०००	छ करोड पन्चानब्बे लाख सैतीस हजार ।
६	सुदूरपश्चिम प्रदेश समानीकरण अनुदान	८२,१६,०००	बयासी लाख सोह्र हजार ।
७	सुदूरपश्चिम प्रदेश सशर्त अनुदान	६,१०,००,०००	छ करोड दश लाख ।
८	सुदूरपश्चिम प्रदेश प्रदेश विशेष अनुदान	७१,५०,०००	एकहत्तर लाख पचास हजार ।
९	सुदूरपश्चिम प्रदेश समपूरक अनुदान	१,६०,३०,०००	एक करोड साठी लाख तीस हजार ।
१०	सुदूरपश्चिम प्रदेश राजश्व बाँडफाँड	१९,५६,०००	उन्नाईस लाख छपन्न हजार ।
११	दुर्गाथली गाउँपालिकाको आन्तरिक राजश्व	३०,००,०००	तीस लाख ।
आयतर्फ जम्मा		४३१६८९०००	त्रिचालिस करोड सोह्र लाख उनानब्बे हजार ।



आदरणीय सभाध्यक्षज्यू,

अब म आ.ब.२०८३।०८४ को विनियोजित बजेट प्रस्तुत गर्न गर्दछु ।

संघीय सरकारको तर्फबाट सर्शत अनुदान रू १५ करोड ४८ लाख, समपुरक अनुदान ५५ लाख , विषेश अनुदान १ करोड ७० लाख तथा सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट सर्शत अनुदान ६ करोड १० लाख, समपुरक अनुदान १ करोड ६० लाख ३० हजार र विशेष अनुदान ७१ लाख ५० हजारलाई तोकिएको कार्यविधि र कार्यक्रम संचालन निर्देशिका अनुरूप नै खर्च हुने गरी यस बजेटमा समावेश गरिएको छ।

आ.ब.२०८३।०८४ को विनियोजित बजेटलाई तपशिल बमोजिमका क्षेत्रमा खर्च हुने गरी विनियोजित गरिएको छ ।

<u>तपशिल:</u>

१ आर्थिक विकास तर्फ रू. १ करोड ७६ लाख ७७ हजार

२ सामाजिक विकास तर्फ रू. २१ करोड २० लाख ५९ हजार

३ पूर्वाधार विकास तर्फ रू. ८ करोड २५ लाख ८० हजार

४ सुशासन तथा अन्तरसम्बन्धित सेवा प्रवाह तर्फ रू. ६६ लाख ३३ हजार

५ कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रू. ११ करोड २७ लाख ४० हजार

आ.व. २०८३।०८४ को कुल बिनियोजन रकम रू. ४३ करोड १६ लाख ८९ हजार मध्ये चालु तर्फ रु. २९ करोड ८५ लाख २७ हजार रूपैया (६९.१५प्रतिशत) र पूँजीगत खर्च तर्फ रू. १३ करोड ३१ लाख ६२ हजार रूपैया (३०.८५ प्रतिशत) विनियोजन गरेको छु।

उल्लेखित बजेट अनुसारको क्रियाकलापगत विनियोजन यसै बजेट वक्तव्यको अनुसूचीमा समावेश गरिएको वेहोरा सदस्यज्यूहरुलाई अवगत गराउन चाहन्छु ।



आदरणीय सभाध्यक्षज्यू,

प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को वजेट दुर्गाथली गाउँपालिकाको समृद्धि, सुशासन, सामाजिक न्याय, आर्थिक विकास तथा दिगो पूर्वाधार निर्माणको साझा संकल्पलाई कार्यान्वयन गर्ने महत्वपूर्ण आधारका रूपमा रहने विश्वास लिएको छु। सीमित स्रोत र असीमित आवश्यकताका बीच गाउँपालिकावासीको अपेक्षा, आवश्यकता र विकासका प्राथमिकतालाई समेट्ने प्रयास यस वजेटमार्फत गरिएको छ। यस वजेटको सफल कार्यान्वयन गाउँपालिकाको एकल प्रयासबाट सम्भव छैन। यसका लागि गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू, कार्यपालिका, वडा कार्यालयहरू, विषयगत समितिहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलहरू, नागरिक समाज, सामुदायिक संस्थाहरु, सहकारी क्षेत्र, निजी क्षेत्र, विकास साझेदार संस्थाहरु, सञ्चारकर्मीहरू तथा सम्पूर्ण गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरूको सक्रिय सहभागिता, रचनात्मक सहयोग, सकारात्मक सुझाव तथा निरन्तर सहकार्यको आवश्यकता रहनेछ। हामी पारदर्शिता, जवाफदेहिता, मितव्ययिता र परिणाममुखी कार्यसम्पादनलाई केन्द्रमा राखी वजेट कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं। विकास निर्माणका प्रत्येक गतिविधिमा जनसहभागिता, सामाजिक उत्तरदायित्व र सार्वजनिक निगरानीलाई थप प्रभावकारी बनाइनेछ। गाउँपालिकाको विकास र समृद्धि कुनै एक व्यक्ति, संस्था वा नेतृत्वको मात्र जिम्मेवारी नभई सम्पूर्ण गाउँपालिकावासीको साझा दायित्व र अभियान हो भन्ने विश्वासका साथ यस अभियानमा सबै पक्षबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गर्दछु।

वजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा अमूल्य सुझाव, सल्लाह र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू, जनप्रतिनिधिज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण कर्मचारीहरू, विषयगत समितिहरू, विभिन्न संघसंस्था तथा गाउँपालिकावासी महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद ।।।

मिति २०८३।०३।१० बुधवार

जनक बहादुर दौल्याल
गाउँपालिका उपाध्यक्ष
दुर्गाथली गाउँपालिका